# नेपाल सरकार

**मा. गिता चौधरी**
**मन्त्री**
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**
**इमेल:** gc.tharu07@gmail.com

## नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

नयाँ वर्षले हामी सबैको जीवनमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगति ल्याओस् भन्ने कामना गर्दछु। विगत वर्षका अनुभवहरूलाई आत्मसात् गर्दै, नयाँ ऊर्जा, उत्साह र प्रतिबद्धताका साथ राष्ट्र निर्माणको अभियानमा अघि बढ्ने अवसरका रूपमा यस वर्षलाई उपयोग गर्न सकौं।

कृषि विकास, वातावरण संरक्षण, दिगो विकास र जनताको जीवनस्तर उकास्ने कार्यमा सरकार प्रतिबद्ध छ। यी क्षेत्रहरूमा उल्लेखनीय उपलब्धि हाँसिल गर्न सबै पक्षको सहकार्य, एकता र सक्रिय सहभागिता अपरिहार्य छ।

यो नयाँ वर्षले हामीलाई सकारात्मक सोच, नवीन सिर्जना र समृद्ध नेपालको लक्ष्य प्राप्तितर्फ अग्रसर हुन थप प्रेरणा प्रदान गरोस् ।

पुनः एकपटक सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना सहित नयाँ वर्ष २०८३ को हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.........................
माननीय गिता चौधरी
मन्त्री
कृषि तथा पशुपन्छी विकास
वन तथा वातावरण
मन्त्रालय